# स्याउ, ओखर र खुर्पानी खेती विकास सम्बन्धी कार्यक्रम सञ्चालन मापदण्ड, २०७९

*माननीय मन्त्रीस्तरबाट स्वीकृत मिति २०७९/०७/२५*

**प्रस्तावनाः** गण्डकी प्रदेशमा स्याउ, ओखर र खुर्पानीको बगैंचा स्थापना तथा विस्तार गर्दै उत्पादनोपरान्त भण्डारण, प्रशोधन लगायतका मूल्य अभिवृद्धिका कार्यक्रमहरु मार्फत व्यावसायीकरण गरी आयात व्यवस्थापन र निर्यात प्रवर्द्धन गर्ने उद्देश्यले स्याउ, ओखर र खुर्पानी खेती विकास सम्बन्धी कार्यक्रमहरु सञ्चालन गर्न "बजेट तथा कार्यक्रम कार्यान्वयन सम्बन्धी एकीकृत कार्यविधि, २०७७" को दफा ४० ले दिएको अधिकार प्रयोग गरी भूमि व्यवस्था, कृषि, सहकारी तथा गरिबी निवारण मन्त्रालय, गण्डकी प्रदेशले यो मापदण्ड बनाएको छ।

**१. प्राविधिक पक्ष**

(क) यस मापदण्ड बमोजिम "स्याउ खेती विस्तार तथा व्यावसायीकरण आयोजना" र "शीतोष्ण फलफूल खेती विस्तार तथा व्यावसायीकरण आयोजना" अन्तर्गतका कार्यक्रमहरू सञ्चालन हुनेछन्।

(ख) यस मापदण्ड बमोजिम सञ्चालन हुने कार्यक्रमहरुमा सहभागी हुनका लागि इच्छुक कृषक, कृषि फर्म, कम्पनी, कृषक समूह तथा कृषि सहकारी संस्थाले प्रस्ताव पेश गर्न सक्नेछन्, तर समुदायस्तरमा मात्र सञ्चालन हुने कार्यक्रमको हकमा कम्तीमा १० घरपरिवार संलग्न तथा लाभान्वित हुने गरी कृषक समूह तथा कृषि सहकारी संस्थाले प्रस्ताव पेश गर्न सक्नेछन्।

(ग) यस मापदण्ड बमोजिम कार्यक्रम सञ्चालन गर्दा आवश्यक न्यूनतम क्षेत्रफल र वितरण हुने बिरुवा संख्या देहाय बमोजिम हुनेछ।

| क्र.सं. | कार्यक्रम | आवश्यक क्षेत्रफल | वितरण हुने बिरुवा संख्या |
|---|---|---|---|
| १. | बगैंचा स्थापना तथा विस्तार, बिरुवा वितरण सम्बन्धी कार्यक्रम | <u>उच्च घनत्व स्याउः</u><br>• कृषकको हकमाः कम्तीमा १ रोपनी,<br>• कृषि फर्म, कम्पनी, कृषक समूह तथा कृषि सहकारी संस्थाको हकमाः कम्तीमा ५ रोपनी<br><u>उच्च घनत्व बाहेकका स्याउः</u> कम्तीमा ५ रोपनी<br><u>ओखरः</u> कम्तीमा ३ रोपनी<br><u>खुर्पानीः</u> कम्तीमा ३ रोपनी | <u>उच्च घनत्व स्याउः</u> १५० बिरुवा प्रति रोपनी<br><u>उच्च घनत्व बाहेकका स्याउः</u> १५ बिरुवा प्रति रोपनी<br><u>उच्च घनत्व ओखरः</u> २० बिरुवा प्रति रोपनी<br><u>उच्च घनत्व बाहेकका ओखरः</u> ६ बिरुवा प्रति रोपनी<br><u>खुर्पानीः</u> १५ बिरुवा प्रति रोपनी |
| २. | बगैंचा व्यवस्थापन सम्बन्धी कार्यक्रम | बगैंचा व्यवस्थापन सम्बन्धी कार्यक्रम सञ्चालनका लागि क्र.सं. १ बमोजिम नै आवश्यक न्यूनतम क्षेत्रफलमा कार्यक्रम सञ्चालन भएको हुनुपर्नेछ। | - |

(घ) नयाँ बगैंचा स्थापना तथा विस्तार गर्दा सम्बन्धित बालीको खेती गर्न भौगोलिक र वातावरणीय रुपमा उपयुक्त रहेको क्षेत्रमा मात्र कार्यक्रम सञ्चालन गर्नुपर्नेछ।

(ङ) बिरुवा वितरण कार्यक्रमका लाभग्राहीहरुलाई आवश्यकता र औचित्यताको आधारमा बगैंचा व्यवस्थापन, बाली संरक्षण, सिँचाइ व्यवस्थापन, यान्त्रिकीकरण, पोष्ट-हार्भेष्ट व्यवस्थापन र क्षमता अभिवृद्धि सम्बन्धी कार्यक्रमबाट समेत अनुदान उपलब्ध गराउन सकिनेछ।

(च) यस मापदण्ड बमोजिम सञ्चालन हुने कार्यक्रम बमोजिम देहायका क्रियाकलापहरु सञ्चालन हुनेछन्।

| क्र.सं. | कार्यक्रमको नाम | सञ्चालन हुने क्रियाकलापहरु र मापदण्ड |
|---|---|---|
| १. | बिरुवा खरिद तथा वितरण सम्बन्धी कार्यक्रम | (क) स्वीकृत बजेटको परिधिभित्र रही स्याउ, ओखर र खुर्पानीका स्वस्थ बिरुवाहरु आधिकारिक रुपमा दर्ता भएका स्वदेश वा विदेशस्थित नर्सरीहरुबाट प्रचलित कानून अनुसार खरिद गर्नुपर्ने। विदेशबाट आयात हुने बिरुवाको हकमा क्वारेन्टाइनजन्य रोगकीरा नभएको भन्ने आधिकारिक फाईटोस्यानेटरी प्रमाणपत्र (Phytosanitary Certificate) संलग्न भएको हुनुपर्ने।<br><br>(ख) कार्यक्रम सञ्चालन गर्ने कार्यालयले प्राप्त भएका आवेदनहरुको मूल्याङ्कनको आधारमा निर्दिष्ट सूचक अनुसार मूल्याङ्कन गरी छनौट गर्ने र लागत साझेदारी समेत गराई स्वीकृत भएको संख्या वरावरको बिरुवा वितरण गर्नुपर्ने। |
| २. | वगैंचा स्थापना तथा व्यवस्थापन सम्बन्धी कार्यक्रम | बगैंचा स्थापना तथा व्यवस्थापन सम्बन्धी कार्यक्रम सञ्चालन गर्दा आवश्यकता अनुसार बगैंचा संरक्षण (बारबन्देज), बिरुवाको थाँक्रा व्यवस्थापन (Staking and Support System), तालिम र काँटछाँट (Training and Pruning), सिँचाइ व्यवस्थापन, खाद्यतत्व र रोगकिरा व्यवस्थापन सम्बन्धी कार्य सञ्चालन गर्न सकिनेछ। |
| ३. | यान्त्रिकीकरण प्रवर्धन सम्बन्धी कार्यक्रम | बिरुवा रोपण, बगैंचा व्यवस्थापन देखि उत्पादनोपरान्त व्यवस्थापन सम्मका कार्यहरुमा आवश्यक पर्ने मेसिनरी औजार तथा उपकरण उपलब्ध गराउन सकिनेछ। |
| ४. | भण्डारणका लागि कोल्ड रुम निर्माण सम्बन्धी कार्यक्रम | (क) कार्यक्रममा सहभागी हुन इच्छुक कृषि फर्म, कम्पनी, कृषक समूह तथा कृषि सहकारी संस्थाले प्रस्ताव पेश गर्न सक्नेछन्।<br>(ख) कोल्ड रुम निर्माणको भण्डारण क्षमता कम्तीमा १० मेट्रिक टन हुनुपर्नेछ।<br>(ग) कोल्ड रुम निर्माण गर्दा देहाय बमोजिमका न्यूनतम मापदण्ड पुरा गर्नुपर्नेछ। |

| | | |
|---|---|---|
| | | (अ) Panel (Prefabricated sandwich panel) को मोटाइ न्यूनतम ७५ मिमि<br>(आ) सापेक्षिक आर्द्रता ५०-१०० प्रतिशत कायम गर्न Humidifier, Evaporator जस्ता उपकरण जडान गर्ने<br>(इ) -४° देखि १५° सेन्टिग्रेड सम्म तापक्रम कायम गर्न सकिने गरी Refrigerant, Condenser आदि उपकरण जडान गर्ने<br>(ई) जडान गरिएका यन्त्र उपकरणमा सुरक्षित विद्युत प्रवाहको लागि Power backup, Stabilizer, Control system आदि जडान गर्ने। |
| ५. | समुदायमा आधारित स्याउ संकलन तथा प्रशोधन केन्द्र स्थापना सम्बन्धी कार्यक्रम | (क) कार्यक्रम सञ्चालनको लागि न्यूनतम ३ रोपनी क्षेत्रफल जग्गा (एकै कित्ता वा जोडिएका कित्ता) को उपलब्धता हुनुपर्नेछ।<br>(ख) उपजको संकलन, ग्रेडिङ्ग, प्रशोधन, प्याकेजिङ तथा कोल्ड स्टोरेज सुविधा सुनिश्चित हुने गरी सेड निर्माण, कम्पाउण्ड बारबन्देज, खानेपानी सुविधा, शौचालय, सूचना कक्ष, कार्यालय कोठा निर्माण, भण्डारण कोठा, प्रशोधन केन्द्र सम्बन्धी पूर्वाधार निर्माण (भवन), मेसिन तथा उपकरणहरु खरिद, विद्युतीकरण (ट्रान्सफर्मर, Power backup, Stabilizer, Control system), चिस्यान केन्द्रको लागि संरचना निर्माण, आवश्यक पर्ने यन्त्र तथा उपकरणहरु खरिद तथा जडान, भण्डार गृहमा कृषि उपज राख्ने ट्रे तथा तख्ता खरिद लगायतका आवश्यक क्रियाकलापहरु सञ्चालन गर्न सकिनेछ।<br><br>(ग) कोल्ड स्टोर निर्माण गर्दा भण्डारण क्षमता न्यूनतम १०० मेट्रिक टन हुनुपर्नेछ र देहाय बमोजिमका मापदण्ड पूरा गर्नुपर्नेछ।<br>(अ) Storage compatibility का आधारमा विभिन्न कृषि उपज भण्डारण गर्न सकिने गरी Multi commodity cold storage निर्माण गर्ने,<br>(आ) स्टोरमा Sorting, Precooling, Grading, Packaging आदि क्रियाकलापको लागि संरचना तथा उपकरण जडान गर्ने,<br>(इ) सापेक्षिक आर्द्रता ५०-१०० प्रतिशत कायम गर्न Humidifier, Evaporator जस्ता उपकरण जडान गर्ने,<br>(ई) -४° देखि १५° सेन्टिग्रेड सम्म तापक्रम कायम गर्न सकिने गरी Refrigerant, Condenser आदि उपकरण जडान गर्ने,<br>(उ) कार्बनडाइअक्साइडको मात्रा ४००० ppm भन्दा कम हुने गरी व्यवस्थापन गर्नुका साथै १७० cubic meter per hour per metric ton (CMH/MT) सम्मको हावाको सञ्चार गराउन सकिने गरी संरचना निर्माण गर्ने, |

| | | |
|---|---|---|
| | | (घ) अन्य क्रियाकलाप सञ्चालन सम्बन्धी मापदण्ड कार्यक्रम सञ्चालन गर्ने सम्बन्धित कार्यालयले तोके बमोजिम हुनेछ। |
| ६. | अन्य कार्यक्रमहरु | कार्यक्रम सञ्चालन गर्ने कार्यालयले "बजेट तथा कार्यक्रम कार्यान्वयन सम्बन्धी एकीकृत कार्यविधि, २०७७" र प्रचलित कानूनको परिधिभित्र रही कार्यान्वयन गर्नेछ। |

(छ) बगैंचा स्थापना तथा विस्तारका लागि खरिद तथा वितरण गरिने बिरुवाको गुणस्तर देहाय बमोजिम हुनेछ।

**(अ) उच्च घनत्व प्रविधिमा आधारित स्याउको कलमी बिरुवाको गुणस्तरः**

(१) एम-९ टी-३३७ (M9 T337) को क्लोनल रुटस्टकमा कलमी गरिएका उच्च घनत्व प्रविधिमा आधारित उन्नत जातका स्याउका बिरुवा हुनुपर्नेछ।

(२) कम्तीमा पनि १.५ मिटर देखि २.२ मिटर उचाईको भएको।

(३) प्रशस्त मात्रामा स्वस्थ जराहरु भएको।

(४) मूल हाँगा सोझो र प्रभावशाली भएको।

(५) मूल हाँगालाई प्रभाव (Dominant) पार्ने खालका अन्य हाँगाहरु नभएको।

(६) १२ देखि २५ सेमी लामो ६ देखि १० वटा सम्म फल्ने (Feather) हाँगाहरु भएको।

(७) फल्ने हाँगाहरु (Feather) जरा पुर्ने सतहदेखि कम्तीमा ६० सेमी भन्दा माथिबाट पलाएको।

(८) फल्ने हाँगाहरु (Feather) मूल हाँगाको चारैतिरबाट नियमित फरक (Regular interval) मा आएको र कम्तीमा ४५ डिग्रीको फराकिलो कोण (Wide angled) भएको।

(९) अन्य देशबाट आयात हुने बिरुवाको हकमा क्वारेन्टाइनजन्य रोगकीरा नभएको भन्ने आधिकारिक फाईटोस्यानेटरी प्रमाणपत्र (Phytosanitary Certificate) संलग्न भएको।

(१०) बिरुवामा चोटपटक नलागेको र Feather हाँगाहरु नभाँचिएको।

**(आ) उच्च घनत्व प्रविधिमा आधारित ओखरका बिरुवाको गुणस्तरः**

(१) बिरुवाको रुटस्टक Northern California Black Walnut वा English Walnut वा Black Walnut वा Seedling Paradox हुनुपर्नेछ।

(२) बिरुवामा क्राउन गल (*Agrobacterium tumefaciens*) र Phytophthora root and crown rot नलागेको हुनुपर्नेछ।

(३) काण्डको मोटाई (कलमी गरेको भागदेखि ५ सेमी माथि) १.५ देखि २.५ सेमी हुनुपर्नेछ।

(४) बिरुवाको उचाई २ देखि ३ फिट हुनुपर्नेछ।

(५) कलमी गरेको भाग (Graft union) जमिनको सतह बाट ५-१० सेमी माथि हुनुपर्नेछ।

(६) कलमी गरेको भाग भन्दा मुनि रुटस्टकबाट पलाएका सकर तथा हाँगा नभएको हुनुपर्नेछ।

(७) बिरुवामा कम्तीमा ३-४ वटा सहायक जरा भएको, तिनमा स्वस्थ तथा प्रशस्त मसिना जराहरु (hairy roots) भएको र जरामा चोटपटक नलागेको हुनुपर्नेछ। साथै, जरामा माटो नभएको हुनुपर्नेछ।

(८) मुख्य काण्ड (Main stem) सोझो, नभाँचिएको, चोट नलागेको र Vigorous हुनुपर्नेछ।

(९) बिरुवा हेर्दा एकैनासको (Uniform), सतह मिलेको (Smooth), र बोक्रा चिल्लो (Shiny) हुनुपर्ने र कलमी गरेको भाग राम्ररी जोडिएको (Well blended) हुनुपर्नेछ।

(१०) बिरुवाको मुना सुशुप्त अवस्थामा (Dormant bud stage) रहेको हुनुपर्नेछ।

(११) बिरुवा घामले डढेको (Sunburn), सुकेको/मरेको (Dried/dead) वा चिसोले असर गरेको (Freezing injury) हुनुहुँदैन।

(१२) अन्य देशबाट आयात हुने बिरुवाको हकमा क्वारेन्टाइनजन्य रोगकीरा नभएको भन्ने आधिकारिक फाईटोस्यानेटरी प्रमाणपत्र (Phytosanitary Certificate) संलग्न भएको।

(ङ) **उच्च घनत्व प्रविधिमा आधारित बाहेकका कलमी बिरुवाको गुणस्तरः**

| स्याउ | ओखर | खुर्पानी |
|---|---|---|
| (क) कलमी बिरुवाको उमेर १-२ वर्षको हुनुपर्नेछ।<br><br>(ख) बिरुवाको उचाई २-३ फिट हुनुपर्नेछ।<br><br>(ग) कलमी गरेको भाग जमिनको सतहबाट कम्तीमा १० सेमी माथि हुनुपर्नेछ।<br><br>(घ) क्राउन गल र डडुवा रोग (Fire Blight) नलागेको हुनुपर्नेछ।<br><br>(ङ) कार्यक्रम सञ्चालन गर्ने कार्यालयले तोकेको अन्य गुणस्तर मापदण्ड बमोजिमको बिरुवा हुनुपर्नेछ। | (क) कलमी बिरुवाको उमेर १-२ वर्षको हुनुपर्नेछ।<br><br>(ख) बिरुवाको उचाई १.५-२ फिट हुनुपर्नेछ।<br><br>(ग) कलमी गरेको भाग जमिनको सतहबाट कम्तीमा १० सेमी माथि हुनुपर्नेछ।<br><br>(ङ) कार्यक्रम सञ्चालन गर्ने कार्यालयले तोकेको अन्य गुणस्तर मापदण्ड बमोजिमको बिरुवा हुनुपर्नेछ। | (क) कलमी बिरुवाको उमेर १-२ वर्षको हुनुपर्नेछ।<br><br>(ख) बिरुवाको उचाई २-३ फिट हुनुपर्नेछ।<br><br>(ग) कलमी गरेको भाग जमिनको सतहबाट कम्तीमा १० सेमी माथि हुनुपर्नेछ।<br><br>(ङ) कार्यक्रम सञ्चालन गर्ने कार्यालयले तोकेको अन्य गुणस्तर मापदण्ड बमोजिमको बिरुवा हुनुपर्नेछ। |

(ज) बगैंचा स्थापना तथा विस्तारका लागि खरिद तथा वितरण गरिने बिरुवाको जात हावापानीको उपयुक्तता र कृषकको मागलाई समेत दृष्टिगत गरी कार्यक्रम सञ्चालन गर्ने कार्यालयले निर्धारण गरे बमोजिम हुनेछ।

(झ) बिरुवा ढुवानी सम्बन्धी मापदण्ड र खरिद प्रक्रिया प्रचलित कानूनको परिधिभित्र रही कार्यक्रम सञ्चालन गर्ने कार्यालयले निर्धारण गरे बमोजिम हुनेछ।

## २. आर्थिक पक्ष

(क) स्वीकृत वार्षिक बजेटको परिधि भित्र रही आवश्यकता र औचित्यताको आधारमा देहाय बमोजिम अनुदान सहयोग उपलब्ध गराउन सकिनेछ।

| क.सं. | कार्यक्रमको नाम | अधिकतम अनुदान प्रतिशत |
|---|---|---|
| १. | बिरुवा खरिद तथा वितरण, यान्त्रिकीकरण प्रवर्धन, प्राङ्गारिक मल वितरण सम्बन्धी कार्यक्रम | कुल लागतको बढीमा पचहत्तर प्रतिशत |
| २. | बगैंचा स्थापना तथा व्यवस्थापन, बगैंचामा रोगकीरा व्यवस्थापन, बगैंचा संरक्षण (बारबन्देज), सिँचाइ सम्बन्धी कार्यक्रम | कुल लागतको बढीमा पचास प्रतिशत |
| ३. | समुदायमा आधारित स्याउ संकलन तथा प्रशोधन केन्द्र स्थापना सम्बन्धी कार्यक्रम | कुल लागतको बढीमा पचासी प्रतिशत |
| ४. | भण्डारणका लागि कोल्ड रुम निर्माण सम्बन्धी कार्यक्रम | कुल लागतको बढीमा पचास प्रतिशत |
| ४. | क्षमता अभिवृद्धि (कर्मचारी/कृषक तालिम, नमूना कृषि फर्म अवलोकन भ्रमण) सम्बन्धी कार्यक्रम, अन्तरक्रिया कार्यक्रम | कार्यक्रम सञ्चालन गर्ने कार्यालयले प्रचलित खर्चको मापदण्ड बमोजिम सञ्चालन गर्ने |

३. मूल्याङ्कनका आधारहरु

(क) बिरुवा वितरण सम्बन्धी कार्यक्रम र बगैंचा व्यवस्थापन सम्बन्धी कार्यक्रमको लागि मूल्याङ्कनको आधारः

| क्र.सं. | मुल्याङ्कनका आधार | अंकभार |
|---|---|---|
| १. | **भौगोलिक र वातावरणीय उपयुक्तता** | **१५** |
| (क) | समुद्री सतहबाट २००० देखि ३००० मिटर उचाईमा रहेको र वातावरणीय उपयुक्तता भएको क्षेत्र | १५ |
| (ख) | (क) मा उल्लिखित भन्दा कम वा बढी उचाईमा रहेको र वातावरणीय उपयुक्तता भएको क्षेत्र | १२ |
| (ग) | वातावरणीय उपयुक्तता भएको तर प्राकृतिक प्रकोप (असिना, वर्षा आदि) को जोखिम बढी भएको क्षेत्र | १० |
| २. | **जग्गाको स्वामित्व** | **१०** |
| (क) | आवेदकको आफ्नो वा संस्थाको हकमा सदस्यहरुको आफ्नो स्वामित्वमा रहेको जग्गा भएको | १० |
| (ख) | जग्गा लिज करारमा लिई कार्यक्रम सञ्चालन गरिने | ८ |
| (ग) | परम्परागत रुपमा भोगचलन गरेको | ५ |
| ३. | **बगैंचा स्थापना हुने क्षेत्रफल (बगैंचा व्यवस्थापन कार्यक्रमको हकमा हालको बगैंचाको क्षेत्रफल)** | **१५** |
| (क) | प्राविधिक पक्षको बुँदा (ग) क्र.सं.(१) मा उल्लिखित न्यूनतम क्षेत्रफलको लागि १० अंक प्रदान गर्ने र थप क्षेत्रफलका लागि न्यूनतम क्षेत्रफलमा प्रति ५० प्रतिशत क्षेत्रफल वृद्धिको लागि १ अंकका दरले थप गरी अधिकतम १५ अंकसम्म प्रदान गर्ने | १५ |
| ४. | **रोजगारी सिर्जना** | **१०** |
| (क) | ३ वा ३ जना भन्दा बढी | १० |
| (ख) | ३ जना भन्दा कम | ७ |
| ५. | **अनुदानको अवस्था** | **१०** |
| (क) | पछिल्लो दुई आ.व. मा सोही प्रकृतिको कार्यको लागि अनुदान प्राप्त नगरेको | १० |
| (ख) | पछिल्लो दुई आ.व. मा सोही प्रकृतिको कार्यको लागि अनुदान प्राप्त गरेता पनि क्षेत्र/व्यवसाय विस्तारका लागि प्रस्ताव पेश गरेको | ५ |
| ६. | **व्यावसायिक योजना सम्बन्धी प्रस्ताव** (सम्बन्धित बाली खेती सम्बन्धी नवीनतम सोच, दिगोपना, बजार योजना, मूल्य अभिवृद्धि सम्बन्धी योजना लगायतका विषयहरु तथा स्थलगत अनुगमन प्रतिवेदन समेतका आधारमा प्रस्ताव मूल्याङ्कन गरी ५ देखि १० अंक सम्म प्रदान गर्न सक्ने) | १० |
| | **जम्मा** | ७० |

(ख) पूर्वाधार निर्माण (कोल्ड रुम/संकलन तथा प्रशोधन केन्द्र स्थापना), यान्त्रिकीकरण र प्राङ्गारिक मल वितरण सम्बन्धी कार्यक्रमको लागि मूल्याङ्कनको आधारः

| क्र. सं. | मूल्याङ्कनका आधारहरु | अङ्कभार |
|---|---|---|
| **१.** | **पूर्वाधार निर्माण हुने स्थानमा अन्य पूर्वाधारको अवस्था** | **१०** |
| (क) | ३-फेज लाईनको विद्युत र सडक सुविधा भएको | १० |
| (ख) | ३-फेज लाईनको विद्युत र सडक सुविधा पुर्याउन सकिने | ५ |
| **२.** | **उपयोग हुने कृषि उपजको उत्पादन अवस्था** | **३०** |
| (क) | पूर्वाधारको पूर्ण क्षमतामा प्रयोग गर्नको लागि सम्बन्धित वडामा पर्याप्त उत्पादन भएको | ३० |
| (ख) | पूर्वाधारको पूर्ण क्षमतामा प्रयोग गर्नको लागि सम्बन्धित स्थानीय तहमा पर्याप्त उत्पादन भएको | २० |
| (ग) | पूर्वाधारको पूर्ण क्षमतामा प्रयोग गर्नको लागि अन्य स्थानीय तहबाट उपज ढुवानी गरी ल्याउनुपर्ने | १० |
| **३.** | **पूर्वाधारको स्वामित्व** | **१०** |
| (क) | कृषक समूह/ सहकारी संस्थाको स्वामित्व | १० |
| (ख) | निजी फर्म/ कम्पनीको स्वामित्व | ५ |
| **४** | **निर्माणस्थलको जग्गाको स्वामित्व** | **१०** |
| (क) | आवेदक संस्थाको आफ्नै स्वामित्वमा रहेको जग्गा | १० |
| (ख) | आवेदक संस्थाले लिजमा लिएको जग्गामा कार्यक्रम सञ्चालन गरिने | ५ |
| **५.** | **प्रत्यक्ष लाभान्वित हुने घरधुरी संख्या** | **१०** |
| (क) | ३० भन्दा बढी | १० |
| (ख) | १५-३० घरधुरी | ७ |
| (ग) | १५ भन्दा कम घरधुरी | ५ |
| **६.** | **अनुदानको अवस्था** | **१०** |
| (क) | पछिल्लो दुई आ.व. मा सोही प्रकृतिको कार्यको लागि अनुदान प्राप्त नगरेको | १० |
| (ख) | पछिल्लो दुई आ.व. मा सोही प्रकृतिको कार्यको लागि अनुदान प्राप्त गरेता पनि व्यवसायको क्षमता वृद्धिको लागि आवेदन पेश गरेको | ३ |
| **७.** | **व्यावसायिक योजना सम्बन्धी प्रस्ताव** (बजारीकरण, मूल्य अभिवृद्धि, दिगोपना, नवीनतम सोच लगायतका विषयहरु तथा स्थलगत अनुगमन प्रतिवेदन समेतका आधारमा प्रस्ताव मूल्याङ्कन गरी १ देखि १० सम्म अंक प्रदान गर्ने) | १० |
| | जम्मा | ९० |

नोटः यान्त्रिकीकरण सम्बन्धी कार्यक्रम र प्राङ्गारिक मल वितरण सम्बन्धी कार्यक्रमको प्रस्ताव मूल्याङ्कन गर्दा ३ (ख) को क्र.सं. ६ र ७ लाई मात्र आधार मानी मूल्याङ्कन गर्ने)।

४. प्रस्तावसँग संलग्न गर्नुपर्ने कागजातहरु

क) "बजेट तथा कार्यक्रम कार्यान्वयन सम्बन्धी एकीकृत कार्यविधि, २०७७" को दफा १६ को उपदफा (३) बमोजिमका कागजातहरु।

ख) समूह/सहकारी संस्थाको हकमा बैठक निर्णयको प्रतिलिपि।

ग) प्रस्तावित क्षेत्रको जग्गाधनी पुर्जाको प्रतिलिपि र जग्गा लिज करारमा लिई कार्यक्रम सञ्चालन गर्नेको हकमा न्यूनतम २० वर्षको करार सम्झौताको प्रतिलिपि वा मनाङ र मुस्ताङ जिल्लामा परम्परागत रुपमा भोगचलन गरेको जग्गामा फलफूल बगैंचा स्थापना गर्नेको हकमा जग्गाको संरक्षण तथा खेती गर्न पाउने व्यहोरा खुलेको सम्बन्धित स्थानीय तहको सिफारिस पत्र।

घ) बगैंचा व्यवस्थापन र पूर्वाधार निर्माण सम्बन्धी कार्यक्रमको हकमा सोको लागत इष्टिमेट सम्बन्धी कागजात।

ङ) व्यक्तिगत कृषकको हकमा निजको नागरिकताको प्रतिलिपि र स्थायी लेखा नं. प्रमाणपत्रको प्रतिलिपि।

५. खारेजी र बचाउः

"स्याउ खेती विकास सम्बन्धी कार्यक्रम सञ्चालन मापदण्ड, २०७७" खारेज गरिएको छ। उक्त मापदण्ड बमोजिम भएका कार्यहरु यसै मापदण्ड बमोजिम भएको मानिनेछ।

६. **प्रस्तावको ढाँचाः**

(कार्यक्रम सञ्चालन गर्ने कार्यालयले प्रस्तावको ढाँचामा आवश्यकता अनुसार परिमार्जन गर्न सक्नेछ।)

**क. आवेदकको संक्षिप्त परिचय**

| | |
|---|---|
| आवेदकको नामः | ठेगानाः |
| कार्यक्रम सञ्चालन गरिने स्थानको ठेगानाः<br><br>कार्यक्रम सञ्चालन गरिने स्थानको समुद्री सतहबाट उचाईः | प्रोपाईटर/अध्यक्ष/कृषकको नामः<br>सम्पर्क नः |
| सम्पर्क व्यक्तिः<br>सम्पर्क नं | संलग्न हुने कृषक घरधुरी संख्याः |

**ख. सम्बन्धित बाली खेती/व्यवसाय सम्बन्धी विवरण**

| क.सं. | कृषकको नाम | हाल खेती गरिरहेको भएमा | | कार्यक्रम सञ्चालनबाट विस्तार/थप हुने | |
|---|---|---|---|---|---|
| | | क्षेत्रफल (रोपनी) | उत्पादन (केजी) | क्षेत्रफल (रोपनी) | अनुमानित उत्पादन (केजी) |
| | | | | | |
| | | | | | |
| | जम्मा | | | | |

**ग. कार्यक्रम सञ्चालन गरिने जग्गाको स्वामित्व तलका मध्ये कुन हो उल्लेख गर्नुहोस्।**

(अ) आवेदकको स्वामित्वमा रहेको

(आ) लिज करार

(इ) परम्परागत रुपमा भोगचलन गरेको

(ई) अन्य (उल्लेख गर्ने)

**घ. तपाईले पछिल्लो दुई आ.व. मा यसै प्रकृतिको कार्यको लागि अनुदान प्राप्त गर्नुभएको छ?**

(अ) छ (आ) छैन

यदि अनुदान प्राप्त गर्नुभएको छ भने विवरण उल्लेख गर्नुहोस्:

| क.सं. | अनुदान प्रदान गर्ने निकाय र आर्थिक वर्ष | कार्यक्रमको नाम | प्राप्त गरेको अनुदान रकम (रू.) | प्राप्त गरेको वस्तुगत अनुदानको विवरण (बिरुवा/मेसिनरी औजार, सामाग्री आदि) |
|---|---|---|---|---|
| १. | | | | |
| २. | | | | |

भूमि व्यवस्था, कृषि, सहकारी तथा गरिबी निवारण मन्त्रालय
प्रदेश सरकार
गण्डकी प्रदेश
पोखरा

ङ. सिँचाइ व्यवस्थापन कसरी गर्नुहुन्छ?

च. रोजगारी सिर्जनाः

छ. बगैंचामा रहेको बिरुवाको विवरण

| क.सं. | बिरुवाको जात | बगैंचामा रहेको बिरुवा संख्या |
|---|---|---|
| १ | | |
| २ | | |
| ३ | | |
| ४ | | |
| ५ | | |

ज. माग गरिएको बिरुवा संख्याः

| क.सं. | बिरुवाको जात | बिरुवा माग संख्या |
|---|---|---|
| १ | | |
| २ | | |
| ३ | | |
| ४ | | |

झ. माग गरिएको मेसिनरी औजार तथा उपकरण

| नाम | स्पेसिफिकेशन | माग संख्या |
|---|---|---|
| | | |
| | | |

भूमि व्यवस्था, कृषि, सहकारी तथा गरिबी निवारण मन्त्रालय
प्रदेश सरकार
गण्डकी प्रदेश
पोखरा

ञ. क्रियाकलाप विवरण

| क्र.सं. | सञ्चालन हुने क्रियाकलाप | एकाई | दर | संख्या | कुल लागत | कार्यालयको अनुदान | अवेदकको साझेदारी रकम |
|---|---|---|---|---|---|---|---|
| | | | | | | | |
| | | | | | | | |
| | **जम्मा** | | | | | | |

ट. व्यावसायिक योजना सम्बन्धी प्रस्तावः

- उत्पादन योजनाः
- बजार योजनाः
- नवीनतम सोचः
- मूल्य अभिवृद्धि सम्वन्धी योजना:
- दिगोपनाः

ठ. अन्य विषय केही भए उल्लेख गर्नुहोस्।